# अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिका
## गोरखा

बैठक नं. १४५

मितिः २०८२।१२।२२ गते आईतबार

आज मिति २०८२ साल चैत २२ गते आईतबारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १४५ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा

२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल

३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ

४. २ नं. वडा अध्यक्ष श्री कृष्ण वहादुर गुरुङ

५. ३ नं. वडा अध्यक्ष श्री वावुराम अधिकारी

६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग वहादुरगुरुङ

७. ५ नं. वडा अध्यक्ष श्री बिर्ख ध्वज गुरुङ्ग

८. कार्यपालिका सदस्य श्री सदिक्षा गुरुङ

९. कार्यपालिका सदस्य श्री विन्दा तामाङ

१०. कार्यपालिका सदस्य श्री उमा गुरुङ

११. कार्यपालिका सदस्य श्री कमला सुनार

१२. कार्यपालिका सदस्य श्री सनिल परियार

१३. कार्यपालिका सदस्य श्री धनराज घले

१४. आमन्त्रित सदस्यः श्री बेल बहादुर परियार

१५. नि.प्रमुख प्रशासकीय अधिकृत श्री सिताराम पन्त

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)

श्री जगजित कापर (प्रशासन सहायक)

श्री ईश्वर वाग्ले (बरिष्ठ लेखा सहायक)

अजिरकोट गाउँपालिका

मिति २०८२।१२।२२ गते आईतबार

## गाउँ कार्यपालिकाको १४५ औं बैठकका प्रस्तावहरु

**प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँ कार्यपालिकाको २०८२ फगुन २९ गते १४४ औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गााउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वियन तथा सो को पृष्ठपोषणको लागि समिक्षा गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार सचालन ऐन २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वियनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँ कार्यपालिकाको १४४ औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

| क्र.म | निर्णय | कार्यान्वियनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | दरबन्दी स्वीकृत गर्ने । | स्वीकृत भएको । | |
| २ | कार्यविधि स्वीकृत | स्वीकृत भएको । | |

**प्रस्ताव नं. २- समपुरक र विशेष अनुदानको लागि आयोजना प्रस्ताव गर्ने ।**

**१. पृष्ठभूमी**

गण्डकी प्रदेश सरकार नीति तथा योजना आयोगद्वारा स्थानीय तहलाई अन्तर सरकारी वित्त हस्तान्तरणका लागि समपुरक र विशेष अनुदानका तीन तीन वटा आयोजना तथा कार्यक्रम प्राथमिकता निर्धारण गरी २०८२ चैत मसान्तसम्म भित्र प्रस्ताव पेश गर्न आव्हान भएको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

स्थानीय तहको विकास र समृद्धिको लागि प्रदेश सरकारद्वारा समपुरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रम स्थानीय तहले गरेको प्रस्तावको आधारमा निश्चित मापदण्ड अनुसार दिने भएकाले विकास निर्माणमा पछि परेका गाउँपालिकाले विकास आयोजनाहरु प्रदेश सरकारसँग अनुदानको लागि प्रस्ताव गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० (३) बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई समपुरक अनुदान र दफा ११ (२) बमोजिम विशेष अनुदान प्रदान गर्न सक्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउपालिकाको समृद्धि र विकासको लागि आवश्यक निम्नानुसारका आयोजनाहरुलाई अनुदान उपलब्ध गराइदिन प्रस्ताव गर्ने :

क) प्राथमिकताको आधारमा समपुरक आयोजनाहरु

| क्र. स. | प्रस्ताव गरिएको अनुदानको प्रकार र डि.पि.आर भएको/नभएको | मुलभूत क्षेत्र | आयोजनाको नाम | आयोजनाको कुल लागत रु | अनुदान माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डि.पि.आर भएको | पूर्वाधार | कुसुण्डे मादले फाल्पु सडक स्तरोन्नती | रु २००००००। | रु १,२०,००,०००। अक्षरुपी रु एक करोड बिस लाख मात्र। | |

ख) प्राथमिकताको आधारमा विषेश आयोजनाहरु

| क्र.स | प्रस्ताव गरिएको अनुदानको प्रकार र डि.पि.आर भएको/नभएको वा आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन | मुलभूत क्षेत्र | आयोजनाको नाम | आयोजनाको कुल लागत रु | अनुदान माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सामाजिक विकास प्रस्तावना | शिक्षा | भच्चेक मा.वि शैक्षिक सुधार एवं आवासीय विद्यालय सहयोग कार्यक्रम | रु ४० लाख | रु ४० लाख | |

**प्रस्ताव नं. ३ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

**१.पृष्ठभूमी**

यस अजिरकोट गाउँपालिका क्षेत्रभित्र वैदेशिक रोजगारसंग सम्वन्धित विभिन्न मापदण्डहरुलाई पालना गरी बैदेशिक रोजगारीलाई प्रभावकारी बनाउन तथा स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी वाध्यत्मक बैदेशिक रोजगारीलाई अन्त्य गर्न वाञ्छनीय भएको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

स्थानीय तहले निर्माण गर्ने कुनै पनि नियमावली, कार्यविधि तथा निर्देशिका लाई स्वीकृतीको लागि गाउँ कार्यपालिकामा पेश गर्नु पर्ने प्रावधान रहेको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफुलाई आवश्यक पर्ने कानून आफै निर्माण गर्न सक्ने प्रावधान भएको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

यस अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक द्वारा तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने ।

- सुरक्षित आप्रवास सम्वन्धी कार्यविधि - २०८२

**प्रस्ताव नं. ४ - सेवा करारमा कर्मचारी भर्ना गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँपालिकामा र अन्तर्गतका पदमा ४ जना जनशक्ति रिक्त रहेको।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउँपालिका र मातहतका कार्यालयमा पदमा रिक्त रहेका दरबन्दि मार्फत जनशक्ति व्यवस्थापन गरेर सेवाप्रवाह गुणस्तर अभिवृद्धि गर्न करार सेवामा पदपुर्तिको लागि विज्ञापन गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ र अजिरकोट गाउँपालिकाको सेवा करारमा कार्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० अनुसार गाउँपालिकाले करार सेवामा विभिन्न पदहरुमा कर्मचारी भर्ना गर्न सक्ने ।

. निणर्य हुनुपर्ने व्यहोरा

अजिरकोट गाउँपालिकामा अन्तर्गत तपसिलको पदमा जनशक्ति व्यवस्थापन मार्फत सेवाप्रवाहमा गुणस्तर अभिवृद्धि गर्न करार सेवामा पदपुर्तिको लागि विज्ञापन गरी सेवा करारमा भर्ना गर्ने

तपसिलः

| क्र.स. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डेन्टल हाइजेनिष्ट | पाँचौ | १ | आन्तरिक स्रोत |
| २ | नेत्र सहायक | पाँचौ | १ | आन्तरिक स्रोत |
| ३ | अ.न.मी. | चौथो | २ | स्वीकृत दरबन्दी |
| ४ | अ.न.मी. | चौथो | २ | आन्तरिक स्रोत |

प्रस्ताव नं विविध

- स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को तपसिल बमोजिमको नाम, दफा र उपदफा संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स. | हाल कायम रहेका | संशोधन गरिएको | संशोधन पछि कायम |
|---|---|---|---|
| १ | स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | स्नातक शब्द थप गरिएको | स्नातक, स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ |
| २ | दफा ३ को उपदफा (ख) मा स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत गर्ने महिला...... | स्नातक शब्द थप गरिएको | स्नातक, स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत गर्ने महिला...... |
| ३ | दफा ६ मा यस कार्यका लागि कुनै पनि विषयमा स्नातकोत्तर तथा विद्यावारिधी | यस कार्यका लागि कुनै पनि विषयमा भन्दा पछाडि स्नातक भन्ने शब्द थप गरिएको | यस कार्यका लागि कुनै पनि विषयमा स्नातक, स्नातकोत्तर तथा विद्यावारिधी |

तपसिल बमोजिमको योजना / कार्यक्रहरुमा निम्न अनुसारको बजेट बाँडफाँड गर्ने।

| क्र.स | योजनाको नाम | ठेगाना | विनियोजित बजेट | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक सहयोग (आवृति अधिकारी) | अजिरकोट गा पा ३ | २५ हजार | अजिरकोट गाउँपालिका भित्रका महिला अनुसन्धानकर्तालाई अजिरकोट गाउँपालिका भित्र अनुसन्धान गर्नको लागि आर्थिक सहयोग | |
| २ | झ्याल्ला खोला मुच्चोकटार कुलो मर्मत | अजिरकोट गा.पा ५ | रु ५०,०००। | खानेपानी | |
| ३ | जुगेपानी माउसुली खानेपानी मर्मत | अजिरकोट गा पा ४ | रु ७५,०००। | खानेपानी | |
| ४ | भेडिढाँप खानेपानी मर्मत | अजिरकोट गा.पा ३ | रु १,००,०००। | खानेपानी | |
| ५ | मिलिम आ वि खानेपानी मर्मत तथा व्यवस्थापन | अजिरकोट गा.पा १ | रु १,००,०००। | खानेपानी | |
| ६ | पहरामुनी खानेपानी | अजिरकोट गा.पा ५ | रु १,००,०००। | खानेपानी | |
| ७ | खरिबोट भञ्ज्याङ पन्चेबाजा समूह | अजिरकोट गा.पा २ | रु १,००,०००। | परम्परागत पेशाको आधुनिकीकरण | |

निर्णयः माथि उल्लेखित प्रस्तावहरु सम्बन्धमा छलफल गरी प्रस्तावित निर्णयका व्यहोराहरुलाई सर्वसम्मत रुपमा पारित गरियो ।

अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भकुण्डे, गोरखा गण्डकी प्रदेश, नेपाल